प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

# प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना**:आयातित रासायनिक मल एवं विषादीको वढ्दो प्रयोग तथा सो को अवशेषबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै स्वस्थ कृषि उपज उत्पादन, बजारीकरण र उपभोगमा वृद्धि तथा प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दिगो कृषि उत्पादन र वातावरण संरक्षण गर्ने उद्देश्यलेभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपले सञ्चालन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१)यो कार्यविधिको नाम "प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. परिभाषाःविषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"अनुदान"** भन्नाले यस कार्यविधि अनुसार प्राङ्गारिक कृषि उत्पादन तथा प्रमाणीकरण कार्यमा सहयोग पुऱ्याउन उपलब्ध गराइने नगद अनुदान रकमलाई सम्झनु पर्छ।

(ख) **"अनुदानग्राही"** भन्नाले पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम तथा प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रम सञ्चालन गर्नका लागि यस कार्यविधि बमोजिम छनौट भएकाकृषक समूह/कृषि सहकारी/निजी कृषि फर्म/कम्पनीलाई सम्झनु पर्छ।

(ग) **आन्तरिक नियन्त्रण प्रणाली"** वा **"Internal Control System"**वा **"ICS"** भन्नाले उत्पादकहरुलाई सङ्गठित गराई प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणमा पहुँच बढाउन तथा प्रमाणीकरणको खर्च घटाउन उत्पादकहरुबाट नै गरिने सामूहिक प्रमाणीकरणको प्रक्रियालाई सम्झनु पर्छ।

(घ) **"आवेदक"** भन्नाले पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम तथा प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रम सञ्चालन गर्नका



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

लागि आवेदन पेश गर्ने कृषक समूह/कृषि सहकारी/निजी कृषि फर्म/कम्पनीलाईसम्झनु पर्छ।

(ङ) **"कार्यालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(छ) **"निरीक्षक"** भन्नाले प्रमाणीकरण गर्ने निकायले सम्बन्धित प्राङ्गारिक कृषि उत्पादनको उत्पादन, प्रशोधन तथा वितरण प्रक्रिया निरीक्षण गर्नका लागि तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

(ज) **"पकेट क्षेत्र"** भन्नाले सम्बन्धित स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा सम्भाव्यता अनुसार प्राङ्गारिक खेतीको विस्तार गर्न सकिने गरी तोकेको क्षेत्रलाई सम्झनु पर्छ।

(झ) **"परम्परागत कृषि उत्पादन"** अर्थात **"Traditional Agriculture Product""TAP"** भन्नाले रासायनिक पदार्थ अनुपस्थित क्षेत्रबाट उत्पादन भएको रैथाने तथा स्थानीय जातका बालीहरुको स्वघोषित उत्पादनलाई सम्झनु पर्छ।

(ञ) **"प्रस्ताव"** भन्नाले अनुदानग्राहीले पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम तथा प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रममा अनुदान पाउन पेश गरेको अनुसूची-१ तथा अनुसूची-२ अनुसारको आवेदनको विवरणलाई सम्झनु पर्छ।

(ट) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि अनुरुप प्रदेश सरकारबाट प्राङ्गारिक कृषि उत्पादन तथा प्रमाणीकरणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी उत्पादन, प्रशोधन, बजारीकरण तथा प्रमाणीकरणका लागि पाउने अनुदान लिने उद्देश्यले आवेदन दिने कृषक समूह/कृषि सहकारी/निजी कृषि फर्म/कम्पनी/फर्मलाई सम्झनु पर्छ।

(ठ) **"प्राङ्गारिक उत्पादन"** अर्थात **"Organic Certified Product""OCP"** भन्नाले सम्बन्धन प्राप्त प्रमाणीकरण निकायले प्रमाणीत गरी प्राङ्गारिक उत्पादनको लोगो लगाएको उत्पादनलाई सम्झनु पर्छ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

ना. आरती पौडेल
मन्त्री

(ड) **"प्राङ्गारिक उत्पादन क्षेत्र"** भन्नाले प्राङ्गारिक कृषिको सिद्धान्त अनुसार खेती प्रणाली अपनाईएको उत्पादन क्षेत्रलाई सम्झनु पर्छ।

(ढ) **"प्राङ्गारिक कृषि"** भन्नाले दीगो पर्यावरण र पारिस्थितिकीय प्रणाली, सुरक्षित, गुणस्तरीय तथा पोषणयुक्त खाना,प्राणी जातीको कल्याण र सामाजिक न्यायका लागि कृषि प्रणालीमा प्रयोग हुने निश्चित प्रक्रियाहरुको एकिकृत उपागमलाई सम्झनु पर्छ।

(ण) **"प्राङ्गारिक खेती"** भन्नाले प्राङ्गारिक कृषि प्रणाली अपनाई गरिएको कृषि वस्तुलाई जनाउँदछ भने "प्राङ्गारिक तरकारी खेती" ले तरकारी, मसला तथा आलु खेतीलाई, "प्राङ्गारिक फलफूल खेती" ले फलफूल, चिया तथा कफि र "प्राङ्गारिक खाद्यान्न खेती" ले खाद्यान्न, तेलहन तथा दलहन खेतीलाई सम्झनु पर्छ।

(त) **"प्राङ्गारिक रुपान्तरण उत्पादन" अर्थात "Organic in-conversion Product" "OICP"** भन्नाले सहभागीतामूलक गुणस्तर निर्धारण प्रणाली र आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत उत्पादित स्वघोषित उत्पादनलाई सम्झनु पर्छ।

(थ) **"प्रमाणीकरण"** भन्नाले अग्रीम रुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै कृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पूरा गर्नुपर्ने शर्तहरु पूरा गरिएको छ भनी तेस्रो पक्षले दिने लिखित सुनिश्चिततालाई सम्झनु पर्छ।

(द) **"प्रमाणीकरण चिन्ह"** भन्नाले प्रमाणीकरण निकायले सञ्चालन गरेको प्रमाणीकरण कार्यक्रममा आवश्यक पर्ने शर्तहरु पूरा गरेको प्रमाणित गर्नका लागि दिईने चिन्ह सम्झनु पर्छ।

(ध) **"प्रमाणीकरण निकाय"**भन्नाले प्राङ्गारिक पदार्थ भनी बजारीकरण कार्यका लागि उत्पादन, प्रशोधन, परिचालन, लेवलिङ्ग र आयात कार्यको मूल्याङ्कन गर्ने सम्बन्धन प्रदायक निकायबाट सम्बन्धन प्राप्त गरेको प्रमाणीकरण निकायलाई सम्झनु पर्छ।

(न) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(प) **"रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन" अर्थात "Production without Use of Chemical Pesticide""PWUCP"**



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

डा. आरती पौडेल
मन्त्री

भन्नाले रासायनिक विषादी प्रयोग नगरी सुरक्षित उत्पादन गर्दै कम्तीमा आगामी ६ वर्ष भित्र प्राङ्गारिक उत्पादन गर्ने प्रतिवद्धता जाहेर गरेको प्राङ्गारिक खेतीतर्फ उन्मुख उत्पादकबाट उत्पादित स्वघोषित उत्पादनलाई सम्झनु पर्छ।

(फ) **"समिति"** भन्नाले दफा ९ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ब) **"सहभागीतामूलक गुणस्तर नियन्त्रण निर्धारण प्रणाली"** वा **"Participatory Guarantee System"** वा **"PGS"** भन्नाले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागीतामा स्थानीय परिवेश अनुसार सञ्चालन हुने प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणालीलाई सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> कार्यक्रम सञ्चालनका उद्देश्य देहायबमोजिम हुनेछन्:-

(क) रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गर्दै सुरक्षित एवं स्वस्थ प्राङ्गारिक कृषि उपजको उत्पादन देखि बजारीकरणसम्म सहयोग प्रदान गर्ने,

(ख) प्राङ्गारिक पकेट क्षेत्रहरुको आधारभूत तथ्याङ्क तयार गरी व्यवस्थापन गर्ने,

(ख) प्राङ्गारिक खेती प्रवर्द्धनका लागि सरोकारवालाहरुको सचेतना, सीप तथा क्षमता अभिवृद्धि गर्ने,

(ग) कृषि उपजहरुको प्राङ्गारिक उत्पादन प्रमाणीकरणका लागि सहयोग गरी निर्यात प्रवर्द्धन गर्ने।

४. <u>रणनीतिः</u> (१) पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम तथा प्राङ्गारिक प्रमाणीकरणका लागि सहयोग कार्यक्रमलाई व्यवस्थित र उपलब्धिमूलक रुपमा सञ्चालन गर्न देहायबमोजिमका रणनीतिहरु अवलम्वन गरिनेछः-

(क) सहकारी तथा सामूहिक प्राङ्गारिक उत्पादन एवं बजारीकरणलाई प्रवर्द्धन गर्दै पकेट क्षेत्रको अवधारणामा वृहत प्राङ्गारिक उत्पादन क्षेत्र (Cluster वा zone) निर्माण गरिनेछ।

(ख) आगामी वर्षहरुमा प्रभावकारी ढंगले कार्यक्रम सञ्चालन गर्न प्राङ्गारिक उत्पादन क्षेत्रफल, उत्पादन, उत्पादकत्व, बजारीकरणमा संलग्न कृषक, समूह, सहकारी, फार्म/कम्पनी, उत्पादन सामग्री आपूर्तीकर्ता आदिको अभिलेख राखिनेछ।



सचिव

(ग) प्राङ्गारिक उत्पादनको लागि आवश्यक पर्ने उत्पादन सामग्री उत्पादन, आयात र वितरण तथा प्राङ्गारिक उपजको बजारीकरणमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

(२) हाल भैरहेको उत्पादन प्रणालीलाई मध्यनजर गर्दै भविष्यमा पूर्ण प्राङ्गारिकको लक्ष्य सहित कृषि उपजलाई निम्न ४ किसिममा वर्गीकरण गरी उत्पादन एवं बजारीकरण गरिनेछ:-

(क) "प्राङ्गारिक उत्पादन" अर्थात "Organic Certified Product""OCP"

(ख) "प्राङ्गारिक रूपान्तरण उत्पादन" अर्थात "Organic in-conversion product""OICP"

(ग) "रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन" अर्थात "Production without use of Chemical Pesticides""PWUCP"

(घ) "परम्परागत कृषि उत्पादन" अर्थात "Traditional Agriculture Product""TAP"

(ङ) मूल्य श्रृङ्खलाको अवधारणामा विशेष प्राङ्गारिक पकेट क्षेत्रको निर्माण एवं विकास गर्दै जाने।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. <u>कार्यक्रम लागू हुने स्थान:</u> पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम प्रदेश नं. ५ का स्थानीय तहहरुले आफ्नो कार्यक्षेत्रमा तोकेका प्राङ्गारिक पकेट क्षेत्रमा मात्र लागू हुनेछ भने प्राङ्गारिक प्रमाणीकरणका लागि सहयोग कार्यक्रम प्रदेश नं. ५ भर लागू हुनेछ।

६. <u>कार्यक्रमको वर्गीकरण:</u> (१) पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम प्राङ्गारिक उपजको आधारभूत तथ्याङ्क तयार गरी उत्पादन देखि बजारीकरणसम्म सहयोग तथा प्राङ्गारिक खेती प्रवर्द्धनका लागि सरोकारवालाहरुलाई सचेतना, सीप तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिनेछ।

(२) प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रम तेस्रो पक्षले प्राङ्गारिक प्रमाणीकरण गर्दा लाग्ने खर्चमा सहयोग गर्ने उद्देश्यले सञ्चालन गरिनेछ।

७. <u>सुचना प्रकाशन तथा प्रस्ताव आह्वान:</u> (१) निर्देशनालय वा कार्यालयले पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालन गर्न प्रदेश नं. ५ अन्तर्गत रहेका स्थानीय तहलाई आफ्नो कार्यक्षेत्र भित्र प्राङ्गारिक पकेट क्षेत्र विकास गर्न सकिने सम्भावित स्थान निर्धारण गर्न उचित समयावधि तोकी पत्राचार गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएका स्थानहरुमा मात्र लागू हुने गरी पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालन गर्नका लागि कृषक समूह, कृषि



सचिव

मा. आरती पौडेल
मन्त्री

सहकारी संस्थाहरु तथा निजी फर्म/कम्पनीहरुलाई अनुदान दिने उद्देश्यले निर्देशनालय वा कार्यालयले कम्तीमा ३० दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वानका लागि सूचना प्रकाशित गर्नेछ।

(३) पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालन गर्न उपदफा (२) बमोजिम सूचना प्रकाशन भए पश्चात दफा ८ को उपदफा (१) बमोजिमको योग्यता पुगेका कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कम्पनीले अनुसूची-१ मा तोकिए बमोजिमको आवेदनको ढाँचा, आवश्यक कागजातहरु र व्यावसायिक योजना संलग्न राखी निर्धारित समय भित्र सूचनामा तोकिए अनुसारको कार्यालयमा प्रस्ताव पेश गर्न सक्नेछन्।

(४) प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रमका लागि निर्देशनालय वा कार्यालयले उपयुक्त म्याद राखी सूचना प्रकाशन गर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचना प्रकाशन भए पश्चात दफा ८ को उपदफा (२) बमोजिमको योग्यता पुगेका कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कम्पनीले प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रमका लागि अनुसूची-२ मा तोकिए बमोजिमको आवेदनको ढाँचा, प्रस्ताव र कागजातहरु सहित निर्धारित समय भित्र सूचनामा तोकिए अनुसारको कार्यालयमा प्रस्ताव पेश गर्न सक्नेछन्।

८. <u>आवेदन दिन आवश्यक योग्यताः</u> (१) पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रमका लागि देहाय बमोजिमका योग्यता पुगेका कृषक समूह, कृषि सहकारी, निजी कृषि कम्पनी/फर्मले अनुसूची-१ अनुसार आवेदन दिन सक्नेछनः-

(क) कृषि सहकारी, निजी कृषि कम्पनी/फर्मको हकमा कानून बमोजिम सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भई स्थायी लेखा नम्बर लिएको, नियमित रुपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनुपर्नेछ।

(ख) तराईमा कम्तीमा ५ हेक्टर तथा पहाडमा कम्तीमा ६० रोपनी जग्गामा खेती गर्नुपर्नेछ।

(ग) प्रस्तावित कृषि उपज दफा ४ को उपदफा (२) बमोजिमको कम्तीमा कुनै एक किसिमको हुनु पर्नेछ।

(घ) समूह वा सहकारीका सदस्यहरु मार्फत कार्यक्रम सञ्चालन गर्ने भए संस्थाको प्रमाणपत्र, सदस्यहरुले गरेको प्रतिवद्धता-पत्र पेश गर्नु पर्नेछ।

(ङ) प्रस्तावित योजना स्थलमा सडक, सिँचाई, विजुली आदि सुविधाहरु सम्बन्धी विवरण पेश गर्नु पर्नेछ।



सचिव

मा. आरती पौडेल
मन्त्री

(च) समान प्रयोजनका लागि विगत २ आ.व. तथा चालु आ.व. भित्र अन्य कुनै स्रोतबाट अनुदान नलिएको हुनु पर्नेछ।

(२) प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रमका लागि देहाय बमोजिमका योग्यता पुगेका कृषक समूह, कृषि सहकारी, निजी कृषि कम्पनी/फर्मले अनुसूची-२ अनुसार आवेदन दिन सक्नेछनः-

(क) उपदफा (१) को खण्ड (क) र (घ) मा उल्लेख भएका कागजातहरु लगायत तेस्रो पक्ष प्राङ्गारिक प्रमाणीकरण गराएको स्पष्ट आधार पेश गर्नु पर्नेछ।

(ख) तेस्रो पक्षबाट प्रमाणीकरण गराएको प्रमाणीकरण निकाय सम्बन्धी आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ।

(ग) समान प्रयोजनका लागि विगत २ आ.व. तथा चालु आ.व. भित्र अन्य कुनै स्रोतबाट अनुदान नलिएको हुनुपर्नेछ।

९. <u>कार्यक्रम व्यवस्थापन समितिको व्यवस्थाः</u> (१) यस कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन गरिनेछः-

| | |
|---|---|
| (क) प्रमुख, कृषि विकासनिर्देशनालय | - अध्यक्ष |
| (ख) सम्बन्धित विषयको महाशाखा प्रमुख वा अधिकृतस्तरको प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) योजना कार्यक्रम तथा अनुगमन शाखा प्रमुख वा प्रतिनिधि, कृषि विकासनिर्देशनालय | - सदस्य |
| (घ) लेखा प्रमुख वा प्रतिनिधि, कृषि विकास निर्देशनालय | - सदस्य |
| (ग) कृषि विकास निर्देशनालयको बागवानी शाखा प्रमुख | - सदस्य सचिव |

(२) निर्देशनालय वाहेक अन्य निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन गरिनेछः-

| | |
|---|---|
| (क) प्रमुख वा निजले तोकेको अधिकृत, ज्ञान केन्द्र | -अध्यक्ष |
| (ख) ज्ञान केन्द्र रहेको पालिकाको कृषि शाखा प्रमुख, | -सदस्य |
| (ग) योजना अधिकृत/योजना शाखा प्रमुख, ज्ञान केन्द्र | -सदस्य |
| (घ) लेखा प्रमुख, ज्ञान केन्द्र | -सदस्य |
| (ङ) कार्यक्रम सञ्चालन गर्ने शाखा प्रमुख, ज्ञान केन्द्र | - सदस्य सचिव |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

(३) समितिले आवश्यकता अनुसार बढीमा ३ जनासम्म आमन्त्रित सदस्य बोलाउन सक्नेछ।

१०. <u>समितिको काम,कर्तव्य र अधिकार:</u> कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रस्ताव आह्वानको सूचना प्रकाशन, प्रस्ताव संकलन सम्बन्धी निर्णय गर्ने,

(ख)कार्यक्रम अनुदान वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिको कुनै एक सदस्यको संयोजकत्वमा बढीमा ३ सदस्यीय उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकी कार्य गराउन सक्ने,

(ग) रितपूर्वक दर्ता भएका प्रस्तावहरुले आवश्यकन्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक छनौट गर्ने/गराउने,

(घ) प्रारम्भिक छनौट भएका प्रस्तावकहरुको आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

(ङ) स्थलगत निरीक्षण टोलीको प्रतिवेदन/सिफारिसमा उल्लेख भए अनुसार प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने,

(च) अनुसूची-३ बमोजिमको मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी स्वीकृतिको लागि योग्यताक्रम तोकि सिफारिस गर्ने,

(छ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना सहित सम्झौताको लागि सिफारिस गर्ने।

११. <u>कार्यक्रम कार्यान्वयन:</u>(१)प्राप्त प्रस्तावहरु मध्ये कार्यक्रम व्यवस्थापन समितिबाट प्राथमिकता क्रमका आधारमा छनौट भएका मुख्य र वैकल्पिक प्रस्तावहरु छनौट गरी स्वीकृत भएका मुख्य प्रस्तावकहरुलाई समयावधि तोकी सम्झौताको लागि सूचित गरनेछ।

(२) छनौट भएका प्रस्तावकसँग स्वीकृत कार्ययोजना सहित अनुसूची-४ को ढाँचामा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

(३) छनौट भएका प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वकैल्पिकमा रहेका प्रस्तावकलाई सम्झौताको लागि सूचित गरी कार्यक्रम सञ्चालन गरिनेछ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

परिच्छेद-३

## अनुदान प्रवाह विधि

१२. **अनुदानको सीमा:**(१) कार्यक्रम व्यवस्थापन समितिले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहीपकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम अन्तर्गत तालिका १ अनुसारका उत्पादन, बजारीकरण तथा प्रमाणीकरण (ICS र PGS) का क्रियाकलापहरुमा अनुदान रकम स्वीकृत गर्न सक्नेछ।

तालिका १. पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु तथा अनुदान विवरण

| क्र.सं. | क्रियाकलापहरु | इकाई | परिमाण | स्पेसिफिकेशन | अनुदान रकम | |
|---|---|---|---|---|---|---|
| | | | | | पहाडी क्षेत्र | तराई क्षेत्र |
| १ | नर्सरी स्थापनाका लागि पोलिव्याग, नर्सरी ट्रे,growing media, वीउ तथा वेर्ना खरीद | पटक | १ | | लागतको ५० प्रतिशत वा बढीमा रु. २४ हजारमा जुन कम हुन्छ, सो रकम | लागतको ५० प्रतिशत वा बढीमा रु. ४० हजारमा जुन कम हुन्छ सो रकम |
| २ | जैविक, वानस्पतिक वा झोल मल उत्पादन गर्न प्लाष्टिक ड्रम खरीद | वटा | बढीमा २४ (पहाड), ४० (तराई) | कम्तीमा २०० लिटर क्षमताको | लागतको ५० प्रतिशत वा बढीमा रु. ३६ हजारमा जुन कम हुन्छ, सो रकम | लागतको ५० प्रतिशत वा बढीमा रु. ६० हजारमा जुन कम हुन्छ, सो रकम |
| ३ | सिंचाई व्यवस्था | पटक | १ | थोपा, स्प्रिङ्कलर, पानी संकलन पोखरी | लागतको ५० प्रतिशत वा बढीमा रु. १ लाख ८० हजारमा जुन कम हुन्छ, सो रकम | लागतको ५० प्रतिशत वा बढीमा रु. ३ लाखमा जुन कम हुन्छ, सो रकम |
| ४ | जैविक तथा वानस्पतिक विषादि खरीद | पटक | ३ | | लागतको ५० प्रतिशत वा बढीमा रु. ३० | लागतको ५० प्रतिशत वा बढीमा रु. ५० |



सचिव

मा. आरती पौडेल
मन्त्री

| क.सं. | कियाकलापहरु | इकाई | परिमाण | स्पेसिफिकेशन | अनुदान रकम | |
|---|---|---|---|---|---|---|
| | | | | | पहाडी क्षेत्र | तराई क्षेत्र |
| | तथा प्रयोग | | | | हजारमा जुन कम हुन्छ, सो रकम | हजारमा जुन कम हुन्छ, सो रकम |
| ५ | भर्मिकम्पोष्ट मल उत्पादन गर्न भर्मिसेड निर्माण तथा गडयौला खरीद | संख्या | | छाना सहितको कम्तीमा ३*१ मिटरको बेड र ५०० वटा गडयौला | बढीमा रु. १ लाख २० हजार वा लागतको ५० प्रतिशत मा जुन कम हुन्छ, सो रकम | बढीमा रु. २ लाख वा लागतको ५० प्रतिशत मा जुन कम हुन्छ, सो रकम |
| ६ | गोबर मल, कम्पोष्ट मल उत्पादन तथा भकारो सुधार | संख्या | बढीमा पहाड १२, तराई २० | | प्रति इकाई रु ६ हजारका दरले अधिकतम रु. ७२ हजार | प्रति इकाई रु ६ हजारका दरले अधिकतम रु. १ लाख २० हजार |
| ७ | स्प्रेयर खरीद | संख्या | बढीमा १२ वटा | कम्तीमा १६ लिटर क्षमताको | प्रति स्प्रेयर रु. १५०० का दरले बढीमा रु. १८ हजार | प्रति स्प्रेयर रु. १५०० का दरले बढीमा रु. १८ हजार |
| ८ | डिजिटल जोख्ने मेशीन, प्याकेजिङ्ग ब्याग, सिलिङ्ग मेशीन, ढुवानीको लागि प्लाष्टिक ट्रे खरीद तथा लेबल छपाई आदि | | | | लागतको ५० प्रतिशत वा रु. १ लाख ८० हजारमा जुन कम हुन्छ, सो रकम | लागतको ५० प्रतिशत वा रु. २ लाख ५० हजारमा जुन कम हुन्छ, सो रकम |
| ९ | ICS वा PGS का लागि अभिलेखिकरण | | | | लागतको ५० प्रतिशत वा बढीमा रु. ५० | लागतको ५० प्रतिशत वा बढीमा रु. ५० |



सचिव

मा. आरती पौडेल
मन्त्री

| क.सं. | क्रियाकलापहरु | इकाई | परिमाण | स्पेसिफिकेशन | अनुदान रकम | |
|---|---|---|---|---|---|---|
| | | | | | पहाडी क्षेत्र | तराई क्षेत्र |
| | लगायतका अन्य कार्यहरुका लागि | | | | हजार सम्म | हजार सम्म |
| १० | कार्यक्रम सम्बन्धी होर्डिङ्ग बोर्ड | | | कम्तीमा २*३ वर्ग मिटरको | बढीमा रु. १५ हजार सम्म | बढीमा रु. १५ हजार सम्म |
| ११ | सार्वजनिक सुनुवाई | पटक | १ | | बढीमा रु. १५ हजार सम्म | बढीमा रु. १५ हजार सम्म |
| जम्मा | | | | | ७,४०,०००/- | ११,१८,०००/- |

(२) तालिका नं. १ मा उल्लेखित क्रियाकलापहरु बाहेक प्राङ्गारिक खेती प्रवर्द्धन गर्न सचेतना अभिवृद्धि, अभिमुखीकरण, कृषक तथा प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले देहाय बमोजिमका क्रियाकलापहरु निर्देशनालय वा कार्यालयले सञ्चालन गर्न सक्नेछः-

(क) आगामी वर्षका कार्यक्रमहरु सहज ढंगले सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले तोकेका तथा प्रदेश भित्रका अन्य सम्भावित प्राङ्गारिक पकेट क्षेत्रहरुको आधारभूत सर्भेक्षण गरी प्राङ्गारिक प्रोफाईल निर्देशनालय वा कार्यालयले तयार गर्नेछ। सो कार्यका लागि कार्ययोजना स्वीकृत गराई बढीमा रु. ४ लाख खर्च गर्न सकिनेछ।

(ख) प्राङ्गारिक खेती प्रविधि तथा सचेतना अभिवृद्धि सम्वन्धी विभिन्न प्रकाशनहरु (बुकलेट, पम्पलेट) तथा रेडियो, टेलिभिजन मार्फत प्रचार प्रसारका सामग्रीहरु निर्देशनालय वा कार्यालयले निर्माण गरी छपाई, वितरण तथा प्रसारण गर्नेछ। उक्त कार्यका लागि बढीमा रु. ४ लाख खर्च गर्न सकिनेछ।

(ग) अनुदानग्राही कृषकहरु, स्थानीय तह तथा कृषि ज्ञान केन्द्रका प्राविधिकहरु तथा अन्य सरोकारवाला निकायहरुलाई कार्यक्रम बारे अभिमुखीकरण तथा संयुक्त अनुगमन कार्य निर्देशनालय वा कार्यालयले गर्नेछ। साथै कृषक तथा प्राविधिकको क्षमता अभिवृद्धिको लागि प्राङ्गारिक कृषि सम्बन्धी तालिम सञ्चालन

सचिव

मा. आरती पौडेल
मन्त्री

गैह्र सरकारी संघ संस्थाबाट समेत गर्न सकिनेछ। उक्त कार्यको लागि कार्ययोजना स्वीकृत गराई बढीमा रु. १० लाख सम्म खर्च गर्न सकिनेछ।

(३) निर्देशनालय वा कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रम अन्तर्गत आवश्यक योग्यता पुगेका र प्रक्रिया पुऱ्याएका आवेदकहरुलाई तेस्रो पक्ष प्रमाणीकरणमा लागेको कूल खर्चको ५० प्रतिशत वा रु. १ लाखमा जुन कम हुन्छ, सो रकम अनुदानको लागि स्वीकृत दिन सक्नेछ।

१३. <u>प्रस्तावकले लगानी गर्ने रकम</u> : प्रस्तावकले आफूले लगानी गर्न कबोल गरेको रकम तथा अन्य पूर्वाधारको व्यवस्था गरी वा वित्तीय संस्थाबाट लगानी हुने भए वित्तीय संस्थाको प्रतिवद्धतापत्र वा अन्य भरपर्दो विवरण प्राप्त भएपछि मात्र स्वीकृत प्रस्तावकलाई कार्यक्रम अघि बढाउन कार्यदिश दिईनेछ।

१४. <u>खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) स्वीकृत भएका प्रस्तावकहरुले प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्नेछ।

(२) स्वीकृत भएका प्रस्तावहरुलाई अनुगमनकर्ताले दिएको कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाई सहित भुक्तानीका लागि माग भई आए पछि सम्झौतामा उल्लेखित आधारमा भुक्तानी गरिनेछ।

१५. <u>भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरुः</u> (१) काम सम्पन्न गरी भुक्तानीको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नुपर्नेछः-

(क) सम्झौता-पत्रको प्रतिलिपि वा कार्यदिशको प्रतिलिपि,
(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि रतोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,
(ग) विलविजकहरुको सक्कल प्रति,
(घ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,
(ङ) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,
(च) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,
(छ) सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपि,
(ज) आवश्यक निर्णयहरुको प्रतिलिपि आदि।

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस टोलीको सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।



सचिव

मा. आरती पौडेल
मन्त्री

१६. <u>अनुदान रकम सम्बन्धी अन्य व्यवस्था</u>ः अनुदान रकम उपलब्ध गराउने अन्य व्यवस्थाहरु देहाय बमोजिम रहनेछन्ः-

(क) कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(ख) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रम दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गरेकालाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन।

(च) कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राख्नु पर्नेछ।

(छ) कार्यसम्पन्न भए पश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भर्पाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नुपर्नेछ।

(ज) भुक्तानीका लागि पेश भएका निवेदनहरुको स्थलगत अनुगमन गरी खर्च भएका प्रतिवेदनका आधारमा नियमानुसारको कर कट्टि तथा प्रचलित कानून बमोजिम कन्टिन्जेन्सी रकम कट्टा गरी अनुदानग्राहीलाई एकाउन्ट पेयी चेक मार्फत भुक्तानी दिईनेछ।

(झ) सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्यसम्पन्न गरी सक्नुपर्नेछ। तर कावु बाहिरको परिस्थितिको कारण सम्झौता अवधि भित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा चित्तबुझ्दो आधार र कारण उल्लेख गरी म्याद समाप्त हुनु भन्दा सात दिन अगाडि म्याद थपको निवेदन दिनुपर्नेछ। म्याद थप सम्बन्धी अन्तिम निर्णय कार्यक्रम सञ्चालन गर्ने निकायको हुनेछ।

१७. <u>अनुदानग्राहीले पालन गर्नुपर्ने अन्य कुराहरुः</u> (१) अनुदानग्राहीले यस कार्यविधि अनुसार सञ्चालन गर्ने क्रियाकलापहरु झल्कने गरी होडिङ्ग वोर्ड राखुपर्नेछ। साथै गरिने सम्पूर्ण कार्यको अभिलेख दुरुस्त राखुपर्नेछ।

(२) पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम तथा प्रमाणीकरणको क्रममा सम्बन्धित कार्यालय, कृषि विकास निर्देशनालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका निकायहरुबाट दिएको लिखित निर्देशनको पालना गर्नुपर्नेछ।



सचिव

मा. आरती पौडेल
मन्त्री

(३) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम तथा प्रमाणीकरण सम्बन्धी हिसाब किताब हेर्न सक्नेछ। हिसाब देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ।

(४) अनुदानग्राहीले अनुदान प्राप्त गरिसकेपछि कम्तीमा ५ वर्ष सम्म प्राङ्गारिक कृषि उत्पादनलाई निरन्तरता दिनुपर्नेछ।

(५) अनुदानग्राहीले बाली विमा तथा उत्पादन बिक्री गर्ने कार्य आफैले गर्नुपर्नेछ।

(६) यस कार्यक्रम अन्तर्गत हुने सबै उपजहरुमा देहाय बमोजिमका विवरण सहित स्वघोषित प्रमाणित संकेत (लेबल) हुनुपर्नेछ:-

(क) उत्पादकको नाम
(ख) उत्पादन स्थल
(ग) उत्पादन मिति
(घ) बालीको नाम
(ङ) बालीको जात
(च) परिमाण
(छ) उत्पादनको किसिम
(ज) निजी फर्म/समूह/सहकारीको नाम
(झ) सहभागीतामूलक गुणस्तर निर्धारण प्रणाली र आन्तरिक नियन्त्रण प्रणाली भएमा प्रमाणीकरण लोगो।

## परिच्छेद-४

## अनुगमन र समन्वय

१८. <u>अनुगमन:</u>(१)अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, प्रदेश सरकारका सरोकारवाला निकायहरुले संयुक्त वा छुट्टाछुट्टै गर्न सक्नेछन्।

(२)उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नुपर्नेछ।

(३)उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

१९. <u>समन्वय:</u>निर्देशनालय वा कार्यालयले कार्यक्रमलाई व्यवस्थितरुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## परिच्छेद-५
## विविध

२०.**सार्वजनिक परीक्षण** : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

२१. **कारवाहीको व्यवस्था:** कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एवं प्रचलित कानूनको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२२.**बाधा अड्चन फुकाउ:** यस कार्यविधिमा विवाद वा द्विविधा उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

२३. **संशोधन तथा हेरफेर** : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले यस कार्यविधिमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिको अनुसूचीहरुमा हेरफेर गर्न सक्नेछ।

सचिव

मा. आरती पौडेल
मन्त्री

# अनुसूची-१

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## १.१ पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम लागि आवेदन फारमको ढाँचा तथा आवश्यक कागजातहरु

श्रीमान प्रमुखज्यू, मितिः

............................ ।

**विषयः पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालनका लागिव्यावसायिक योजना सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ निर्देशनालय वा कार्यालयबाट सञ्चालित **पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि** कार्यक्रमसञ्चालन गर्न अनुदान उपलब्धगराउने कार्यक्रम अन्तर्गत **(आवेदकको नाम तथा ठेगाना)** ................................ ले सञ्चालन गर्ने ................................ उत्पादनको व्यावसायिक योजनाका लागि जम्मा रकम रु. ........................ अक्षेरुपी ................................................................ को व्यावसायिक योजना तयार गरी आवश्यक कागजातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको अनुरोध गर्दछु । व्यावसायिक योजनामा उल्लेख भएको कूल बजेट मध्ये तहाँबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु. ........................ अक्षेरुपी .................................. बाहेकको अन्य रकम (**आवेदकको नाम** ............................) ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु. ........................ अक्षेरुपी.............. बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँबाट सञ्चालित यस कार्यक्रममा छनौट भईपाउ भनी अनुरोध छ। साथै तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरुः**

१. संस्था दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी।
२. जमिनको लालपूर्जाको प्रतिलिपी (आवेदककै नाममा भएपनि वा भाडामा लिएको भएपनि)।
३. भाडामा लिएको जमिनको करार-पत्र।
४. आवेदकको प्रवन्ध पत्र वा विनिमयावलीको छाँयाप्रति।
५. कृषकसमूह/कृषि सहकारीको हकमा प्रस्तावपेश गर्ने रजिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रती र जिम्मेवार व्यक्तीको नेपाली नागरिकताको प्रतिलिपि।
६. समूह वा सहकारीका सदस्यहरु मार्फत कार्यक्रमसञ्चालन गर्ने भए सदस्यहरुले गरेको प्रतिवद्धता पत्र।
७. आवेदकसँग रहेको लगानीका स्रोतहरुको आधार (वित्तिय संस्थामा मौज्दात वा वित्तिय संस्थाको प्रतिवद्धता/ ग्यारेन्टी पत्र वा अन्य भरपर्दो विवरण)।
८. प्रस्तावित आयोजना स्थानीय तहको प्राथमिकतामा रहेको भनी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको कृषि शाखाले दिएको अनुसूची १.४ बमोजिमको सिफारिश पत्र।
९. अनुसूची १.२ अनुसारको व्यावसायिक योजना।

सचिव

मा. आरती पौडेल
मन्त्री

१०. अनुसूची १.३ र १.५ बमोजिमको प्रतिवद्धता-पत्र र समान प्रयोजनको लागि कुनैपनि स्रोतबाट अनुदान नलिएको स्वघोषणा।

आवेदक

नामः
पदः
संस्थाः
ठेगानाः
छापः

## १.२ पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रमका लागि अनुदान रकम उपलब्ध गराउने आयोजना प्रस्तावको ढाँचा

### खण्ड १ प्रस्तावित आयोजनाको सारांश

| | |
|---|---|
| आयोजनाको नामः | |
| आवेदकको/संस्थाको नामः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिको नाम/ठेगानाः | |
| सम्पर्क व्यक्तिको टेलिफोन नं. | |
| प्रस्तावित आयोजनास्थलः | |
| उत्पादन गरिने बाली/हरुः | |
| उत्पादनको किसिम(√चिन्ह लगाउने) | १. "प्राङ्गारिक उत्पादन""Organic Certified Product""OCP"<br>२. "प्राङ्गारिकरूपान्तरण उत्पादन" अर्थात "Organic in-conversion product""OICP"<br>३. "रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन" अर्थात "Production without use of Chemical Pesticides""PWUCP"<br>४. "परम्परागत कृषि उत्पादन" अर्थात "Traditional Agriculture Product""TAP" |
| संस्था दर्ता वर्षः | |
| कर चुक्ता /स्थायी लेखा नम्बर/VAT: | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्व-लगानी रु. | |
| आयोजना सञ्चालन स्थलः | जिल्लाः<br>उ.न.पा. /न.पा. / गा.पा.<br>वार्ड नः गाउँ/टोलः |



सचिव

मा. आरती पौडेल
मन्त्री

## खण्ड २ व्यवसायको विवरण

**२.१ प्रस्तावित व्यावसायिक योजनाको भूमिका र पुष्ट्याइ**

५०० शब्द नबढाई व्यवसायको छोटकरी विवरण जसमा पृष्ठभूमि, उद्देश्य, आवश्यकता, संस्थाको मुख्यकाम, प्रकृति, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामना गरिरहेका समस्याहरु, पहिचान गरिएका अवसरहरु, कृषि सामग्रीको उपलब्धता, मूल्य अभिवृद्धिका अवसरहरु, प्रस्तावित कार्य, यसको प्रभाव, मुख्य बजार, सम्भावित आम्दानी र कृषकलाई प्रस्तावित आयोजनाबाट हुने फाइदाहरु उल्लेख गर्ने ।

**२.२ प्रस्तावित क्रियाकलापहरु**

बढीमा ५०० शब्दमा नबढाई प्रस्तावित क्रियाकलापहरुको संक्षिप्त विवरण दिनुहोस् (के, कसरी, कस्ले, कहाँ गर्ने) ।

**२.३ प्राप्त गर्न खोजिएको नतिजा/प्रतिफल**

| सूचक | हाल | आयोजनाको लक्ष्य | आयोजना पश्चात वृद्धि |
|---|---|---|---|
| उत्पादन क्षेत्रफल | ....... रोपनी | .... रोपनी | ...... रोपनी |
| उत्पादन परिणाम | ......... के.जी | ..... के.जी. | .......... के.जी. |
| उत्पादकत्व | ......... के.जी./रोपनी | ......... के.जी./रोपनी | ......... के.जी./रोपनी |
| बिक्री परिमाण | ........ टन/वर्ष | .....टन/वर्ष | ....... टन/वर्ष |
| आम्दानी | ......... रु./वर्ष | रु........./वर्ष | ......... रु./वर्ष |
| रोजगारी वृद्धि | | ......जना स्वरोजगार, ......जना बर्षैभरी रोजगार, ......जना वा कार्यदिन आंशिक रोजगार | |

| २.४ कार्य सञ्चालन क्षमता र अनुभव | |
|---|---|
| २.४.१ अनुभवः<br>यसमा प्रस्तावकको प्रस्तावित प्राङ्गारिक खेती सम्बन्धी अनुभवको अवधी, प्राप्त गरेका तालिमको विवरण, अध्ययन,उत्पादन, बाली संरक्षण तथा व्यवस्थापन एवं बजारीकरण सम्बन्धी जानकारी, आपूर्तीकर्ता (कृषि सामग्री आपूर्तीकर्ता), सेवा प्रदायक एवं विक्रेता वीचको सम्बन्ध आदि उल्लख गर्नुपर्छ ।(तालिम, अध्ययन लिएको भए सो सम्बन्धी प्रमाण पत्र तथा अन्य कागजातहरु भए पेश गर्नुपर्नेछ) | |
| २.४.२ उपलब्ध चल, अचल सम्पती तथा मानव संशाधन | |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

| पूर्वाधार | पूर्वाधारको विवरण, किसिम, संख्या, आकार | |
|---|---|---|
| जमिन | | |
| गाईगोरु संख्या | | |
| भकारो सुधार | | |
| सिचाई पूर्वाधार (कूलो, इनार आदि) | | |
| यन्त्र, उपकरण, औजारहरु | | |
| .................. | | |

२.४.३ जनशक्ति

| किसिम | | सँख्या | पुरुष | महिला | जनजाती | दलित |
|---|---|---|---|---|---|---|
| प्राविधिक | पूर्णकालीन | | | | | |
| | आशिंक | | | | | |
| व्यवस्थापकीय | पूर्णकालीन | | | | | |
| | आशिंक | | | | | |
| श्रमिक | वर्षभरी | | | | | |
| | आवश्यकता अनुसार | | | | | |

२.५कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

## खण्ड ३ विक्री तथा आम्दानी विवरण

### ३.१ बिक्री आम्दानी प्रक्षेपण

| क स | उत्पादन | इकाई | परिमाण | मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## खण्ड ४ व्यवस्थापन योजना

### ४.१ कृषि सामग्री तथा सेवा खरिद योजना

| क स | विवरण | इकाइ | परिमाण | जात वा प्रकार | आपूर्तीकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४.२ जोखिम व्यवस्थापन

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको प्रकृति र व्यापकता | व्यव्थापन रणनिति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

## खण्ड ५ आर्थिक प्रस्ताव

### ५.१ आर्थिक सांराशः

| सि.नं. | प्रस्तावित क्रियाकलापहरु | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| कूल जम्मा | | | | | | |

### ५.२ विस्तृत आर्थिक प्रस्ताव

| सि.नं. | प्रस्तावित क्रियाकलापहरु | इकाई | परिमाण | कूल लागत रु. | अनुदान रकम रु. | अनुदानग्राही को योगदान रु. | अन्य साझेदार संस्थाको योगदान रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | कूल जम्मा | | | | | | | |

पेश गर्नेको:

दस्तखतः

नामः

पदः

संस्था/कम्पनीः

ठेगानाः

सचिव

मा. आरती पौडेल
मन्त्री

मितिः

*नोटः यो प्रस्तावना फारमको नमूना मात्र हो। यस प्रस्तावना फारममा उल्लेख भएका बुँदाहरुको विस्तृत रुपमा व्याख्या गर्नुका साथै आर्थिक प्रस्तावनामा प्रत्येक कियाकलापहरुको छुट्टाछुट्टै रुपमा रकम प्रस्ताव गरेको हुनुपर्छ। प्रस्तावमा उल्लेख भएका कुराहरुको थप पुष्टयाई गर्न सम्भव भएसम्म उपयुक्त प्रमाणहरु पेश गर्न सकिनेछ ।*

### १.३ प्रस्तावित व्यावसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्व-घोषणा

....................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रमका लागि अनुदान सहयोग कार्यक्रमको लागि चालु आ.व. तथा विगत दुई आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू सही छ। झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई प्रचलित कानून बमोजिम सहुँला-बुझाउँला।

| | |
|---|---|
| साक्षीः | निवेदकः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

### १.४ स्थानीय तहले उपलब्ध गराउने सिफारिश पत्रको ढाँचा

श्री ..........................

..........................।

विषयः सिफारिश सम्बन्धमा ।

तहाँ कार्यालयको मिति ...................मा ...........................पत्रिकामा प्रकाशन भएको सूचना अनुसार ..........................जिल्ला...............................गा.पा./न.पा........वडा नं.............टोलमा स्थित ..........................................................कृषि सहकारी/निजी कम्पनी/फर्मले ............................................................ कार्यक्रम/आयोजना ....................................स्थानमा सञ्चालन गर्नको लागि तहाँ कार्यालयमा प्रस्ताव पेश गर्न लागेको हुदा उक्त आयोजना/कार्यक्रम यस गा.पा./न.पा.को नीतिगत प्राथमिकतामा परेको/ प्राङ्गारिक कृषिको लागि पकेट घोषणा भईसकेको तथा सो क्षेत्रमा आयोजना/कार्यक्रम सञ्चालन गर्न उपयुक्त भएकोले सिफारिश गरिएको व्यहोरा अनुरोध छ।

................

सचिव

मा. आरती पौडेल
मन्त्री

................

१.५ प्रतिवद्धता पत्रको ढाँचा

....................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रमसञ्चालन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागीताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटीमा .................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमावा ............वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा कृषि विकास निर्देशनालय वा कार्यालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्रास नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं।

इति सम्वत् २०७...........गते ..............रोज ..... शुभम् ।

नामः
ठेगानाः
दस्तखतः
मितिः
संस्थाको नामः
पदः
संस्थाको छापः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-२

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

### १.प्राङ्गारिक प्रमाणीकरण सहयोग कार्यक्रमको अनुदानका लागि आवेदनको ढाँचा

श्री ..........................

...............................

हाम्रो ......................................................................................कृषि सहकारी संस्था/ कम्पनी/ फर्म/ समुह बाट.........................................................गा.पा. / न.पा ...................... जिल्ला अन्तर्गत .................... .......स्थानमा प्राङ्गारिक प्रमाणीकरणका लागि सहयोग कार्यक्रममा सहभागी हुनका लागि लागत रु.........................मध्ये रु. ......................................हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु.............................................अनुदान पाउने व्यवस्थाका लागि निवेदन गर्दछु/गर्दछौ।

संलग्न कागजातहरुः

१. अनुसूची-२ अनुसारको आवेदन
२. अनुसूची ३ बमोजिमको प्रस्ताव तथा स्व घोषणा
३. फार्म, कम्पनी, कृषक समूह वा सहकारीको दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको प्रमाणपत्रको प्रतिलिपि
४. फार्म, कम्पनी, वा सहकारीको गत आ.व सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा नियमानुसार कर चुक्ताको लागि म्याद थप भएकोमा सो को प्रतिलिपी, लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रतिवेदनको प्रतिलिपी
५. आयोजना सञ्चालनका लागि फार्म, कम्पनी, वा सहकारीको जिम्मेवार व्यक्ती तोकिएको र कार्यक्रम माग गर्ने निर्णयको छायाप्रती र जिम्मेवार व्यक्तीको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
६. प्रमाणीकरणको निरीक्षण प्रतिवेदनको प्रतिलिपि र प्रमाणीकरण निकायले प्रदान गरेको सक्कलै बिल

निवेदक

संस्थाको नाम/ठेगानाः

सम्बन्धित व्यक्तिको नाम/ठेगानाः

सम्पर्क नं.

पदः

दस्तखतः

संस्थाको छापः

सचिव

मा. आरती पौडेल
मन्त्री

प्रदेश सरकार
प्रदेश नं. ५
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

## २.प्राङ्गारिक प्रमाणीकरणका लागि अनुदान रकम उपलब्ध गराउने प्रस्ताव फारमको ढाँचा

### खण्ड कः प्राविधिक तथा आर्थिक प्रस्तावना

१. आवेदक फर्म /समूह/ सहकारी / कम्पनीको नामः

ठेगानाः

फोन नं. फ्याक्सः

इमेलः वेभसाईटः

दर्ता नं. दर्ता भएको निकाएः

दर्ता मितिः पान नं.

२. अध्यक्ष/प्रोपराईटरको नामः सम्पर्क नं.

३. सम्पर्क व्यक्तिको नामः सम्पर्क नं.

४. प्रमाणीकरण गर्ने संस्था/कम्पनीको विवरण

नामः ठेगानाः

सम्पर्क व्यक्तिको नामः सम्पर्क नं.

प्रमाणीकरणमा सलंग्न निरीक्षक/प्रमाणीकरण टोलीको नाम र सम्पर्क नं.

नामः पदः सम्पर्क नं.

नामः पदः सम्पर्क नं.

नामः पदः सम्पर्क नं.

नामः पदः सम्पर्क नं.

नामः पदः सम्पर्क नं.

प्रमाणीकरण भएको मितिः

५. प्रमाणीकरणमा भएको कुल लागत खर्च रु..............

५.१ आवेदकले व्यहोर्ने रकम रु.....................

५.२ अनुदान माग गरिएको रकम रु................

५.३ अन्य निकायबाट प्रमाणीकरणको लागी सहयोग प्राप्त भएको छ/छैन भएको भए प्राप्त भएको रकम रु........ र सहयोग गर्ने निकएको नाम र ठेगाना....................

प्रमाणीकरण भएको जग्गा जमीनको प्रकार र क्षेत्रफल कृपया प्लटहरुको नाम र नम्बर समेत उल्लेख गर्नुहोला ।

| क्र.सं. | जग्गाको प्रकार | सिञ्चित | असिञ्चित | मुख्य बालीहरु |
|---|---|---|---|---|
| १. | खेत | | | |
| २. | बारी | | | |
| ३. | बगैचा | | | |
| ४. | घाँसे पाखो | | | |
| ५. | जंगल | | | |
| ६. | बाँझो | | | |



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

| क.सं. | जग्गाको प्रकार | सिञ्चित | असिञ्चित | मुख्य बालीहरु |
|---|---|---|---|---|
| ७. | अन्य | | | |
| | जम्मा | | | |

जम्मा क्षेत्रफल....................प्राङ्गारिक प्रमाणीकरण भएको क्षेत्रफल ....................

माथि उल्लेख गरिएको क्षेत्रफल अनुसारको प्रत्येक कृषकहरुको विवरण छुट्टै पानामा संलग्न गर्नु पर्ने छ ।

६. उत्पादन तथा बिक्री सम्बन्धी विवरण

| बाली | कुल क्षेत्रफल | गत वर्षको उत्पादन | यस वर्षको उत्पादन/ अनुमानित उत्पादन | उत्पादन लिएको समय वा उत्पादन लिने समय | बिक्री मुल्य/ अनुमानित मुल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

७. बिक्री गर्ने वा गरिएको तरिका: थोक: खुद्रा:

उत्पादन बिक्री गरिएको भए प्रमुख ग्राहकहरुको नाम र बिक्री गरिएको परिमाण र मुख्य

| प्रमुख ग्राहकहरुको नाम | ठेगाना/सम्पर्क नं. | बिक्री गरिएको बालीको नाम | ईकाइ | परिमाण | दर | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

ग्राहकहरु रहेको स्थान:

ग्राहक सम्म उत्पादन पुऱ्याउने माध्यम:

माथि उल्लेखित जानकारी तथा विवरणहरु मैले जाने सम्म ठीक साँचो छन् । कुनै प्रकारको गलत जानकारी तथा सुचनाहरु दिएको पाईएमा त्यस प्रति हुने जुनसुकै सजाय वा दण्ड जरीवानाको लागि म तयार छु।"

आवेदकको नाम:

हस्ताक्षर:

मिति:

संस्थाको छाप:

## ३. प्रस्तावित प्राङ्गारिक प्रमाणीकरणका लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वघोषणा

....................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार प्राङ्गारिक प्रमाणीकरणका लागि अनुदान सहयोग कार्यक्रमको लागिचालु आ.व. तथा विगत दुई आ.व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू मैले जाने-बुझेसम्म सही छ।झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई प्रचलित कानून बमोजिम सहुँला-बुझाउँला।

साक्षी:
दस्तखत:
नाम:
पद:

निवेदक:
दस्तखत:
नाम:
पद: सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-३

(दफा १० को खण्ड (च) सँग सम्बन्धित)

## पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कनको आधार

| क्र.सं. | सूचक | अधिकतम अंक |
|---|---|---|
| १ | प्रास्तावित स्थलको उपयुक्तता | १५ |
| १.१ | प्राङ्गारिक पदार्थको उपलब्धता र बाह्य सामाग्रीको प्रयोग नभएको | १५ |
| १.२ | प्राङ्गारिक पदार्थको उपलब्धता र बाह्य सामाग्रीको प्रयोग | १२ |
| १.३ | प्राङ्गारिक पदार्थको उपलब्धता र बाह्य सामाग्रीको प्रयोग नखुलेको | ९ |
| २ | न्यूनतम क्षेत्रफल पुग वा अपुग | १५ |
| ३ | प्रस्तावकको लगानीको सुनिश्चितता | १० |
| ३.१ | नगद/बैंक मौज्दात | १० |
| ३.२ | ऋण स्वीकृतिको प्रतिवद्धता-पत्र भए | ८ |
| ३.३ | प्रस्तावकको लगानीको सुनिश्चितता नखुलेको | ६ |
| ४ | व्यावसायिक योजना | २० |
| ४.१ | अति उत्तम | २० |
| ४.२ | उत्तम | १६ |
| ४.३ | ठिकै | १२ |
| ५ | आवेदकको प्राविधिक क्षमताको अवस्था | १० |
| ५.१ | तालिम प्राप्त | १० |
| ५.२ | अनुभव | ८ |
| ५.३ | नखुलेको/नभएको | ६ |
| ६ | स्थलगत निरीक्षण, प्रस्ताव र पेश भएका कागजातहरुको यथार्थता एवं प्रमाणीकरण | ३० |
| | कूल जम्मा | १०० |

नोटः ६ नं. बुँदाको विस्तृतिकरण समितिले गर्नेछ साथै यस बुँदाको मूल्याङ्कनमा कम्तीमा ५० प्रतिशत (१५ अंक) र कूल जम्माको अंक ५० प्रतिशत (५० अंक) हासिल गर्ने प्रस्तावहरुलाई मात्र उत्तीर्ण भएको मानिनेछ।

सचिव

मा. आरती पौडेल
मन्त्री

अनुसूची-४
(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## सम्झौता–पत्रको ढाँचा

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ को निर्देशनालय वा कार्यालय .......... ..................... (यस पछि पहिलो पक्ष भनिने) मार्फत सञ्चालन गर्ने आ.व. ....... को... ............... कार्यक्रम, ............... ........ कृषक समूह/फार्म/कम्पनी/सहकारीका ............... (पद) श्री/सुश्री/श्रीमती ......................... (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति .................................. मा तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

१. दोस्रो पक्षले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।

२. यस आर्थिक वर्ष .......मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसारको कूल लागत रु..............(अक्षरुपी.................) मध्ये दोस्रो पक्षले रु..............(अक्षरुपी.........) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु.................. (अक्षरुपी...............) उपलब्ध गराउनेछ।

३. प्रथम पक्षले कार्य प्रगतिको आधारमा...............प्रतिशत कार्यसम्पन्न पश्चात............प्रतिशत र बाँकी ..............प्रतिशत रकम सम्पूर्ण कार्य सम्पन्न भई सकेपछी भुक्तानी गर्नेछ।

४. स्वीकृत कार्ययोजना बमोजिमका कार्यसम्पन्न पश्चात सञ्चालन तथा मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

५. कार्यक्रम ..... वर्षसम्म नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ। साथै सम्झौता मुताविकको स्थल स्थानान्तरण गर्नुपर्ने अवस्थामा प्रथम पक्षको लिखित स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ।

६. प्रथम पक्षले शुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकमभुक्तानी दिनेछ।

७. दोस्रो पक्षले सञ्चालित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकम प्रचलित कानून बमोजिम फिर्ता गराउन सक्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरिएको स्थलमा सबैले देख्ने स्थानमा कार्यक्रमको मुख्य विवरण सहितको होर्डिङ्ग वोर्ड अनिवार्य रुपमा राख्नुपर्नेछ।



सचिव

डा. आरती पौडेल
मन्त्री

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तीमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।

१०. दोस्रो पक्षले सम्झौता अनुसारको योजनाको लागि आफ्नै स्रोत वाहेक अन्य निकायबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनुपर्नेछ।

११. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम भ्रमण कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१२. कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| **दोस्रो पक्षको तर्फबाट** | | **प्रथम पक्षको तर्फबाट** |
| हस्ताक्षर: | | हस्ताक्षर: |
| नाम: | | नाम: |
| ठेगाना | | पद: |
| छाप: | कार्यालयको छाप: | |
| साक्षी | | साक्षी |
| हस्ताक्षर: | | हस्ताक्षर: |
| नाम: | | नाम: |
| पद: | | पद: |

इति सम्वत .......साल ....... महिना ....गते रोज .... शुभम्

नोट : सम्झौता हुँदाका बखत उल्लिखित बुँदाहरुमा थपघट गर्न सकिनेछ।

सचिव